आज मिति २०७७ वैशाख १० गते बुधबारका दिन यस दार्मा गाउँपालिका अध्यक्ष एवम् पूर्व तयारी तथा प्रतिकार्य समन्वय समिति (PRCC) संयोजक श्री निमबहादुर के.सी.ज्यूको अध्यक्षतामा यस दार्मा गाउँपालिकाको कार्यालयमा बैठक बसी तपसिल बमोजिमको प्रस्तावहरुमा छलफल गरि देहाय बमोजिमका निर्णयहरु पारित गरियो ।

<u>उपस्थिति :</u>

१. श्री निमबहादुर के सी — संयोजक
२. श्री टीका शर्मा वली — सहसंयोजक
३. श्री अमृत खडका — सदस्य
४. श्री कविकुमार चन्द — सदस्य
५. श्री डिल्लीबहादुर के सी — सदस्य
६. श्री सेतिराम रोकाहा — सदस्य
७. श्री चन्द्रत्वहादुर रावत — सदस्य
८. श्री रामबहादुर के सी — सदस्य
९. श्री दुर्गाबहादुर मल्ल — सदस्य
१०. श्री सन्ताराम कामी — सदस्य
११.श्री अमृता कामी — सदस्य
१२ श्री मञ्जु शाही — सदस्य
१३ श्री जुना मल्ल चन्द — सदस्य
१४ श्री देवी खत्री — सदस्य
१५ श्री धनिराम नेपाली — सदस्य
१६ श्री दौलत सिहं भण्डारी — सदस्य
१७ श्री अशविर बुढाथोकी — सदस्य
१८ श्री दलबहादुर दाहाल — सदस्य
१९ श्री अजितप्रकाश चन्द — सदस्य

| | |
|---|---|
| २० श्री अन्नतप्रकाश शर्मा | सदस्य |
| २१ श्री आकाश चन्द | सदस्य |
| २२ श्री दिपक चन्द | सदस्य |
| २३ श्री पूर्णबहादुर खडका | सदस्य |
| २४ श्री विरेन्द्र के सी | सदस्य |
| २५ श्री रोहित के सी | सदस्य |
| २६ श्री दिनेश विष्ट | सदस्य |
| २७ श्री लक्ष्मण वली | सदस्य |
| २८ श्री प्रकाश शर्मा | सदस्य |
| २९. श्री नारायण दाहाल | सदस्य |
| ३० श्री यज्ञबहादुर वस्नेत | सदस्य सचिव |

आमन्त्रित

| | |
|---|---|
| शेरप्रसाद ढकाल | शिक्षा अधिकृत |

**प्रस्तावहरु**

१. नयाँ आगमन र क्वारेन्टाइन व्यवस्थापन सम्बन्धमा ।

२. सहकारीको राहत वितरण विवरण र प्रगति सम्बन्धमा ।

३. निः शुल्क राहत वितरण सम्बन्धमा ।

४. नाकामा स्वयंसेवक परिचालन सम्बन्धमा ।

६. क्वारेन्टाइनमा खाद्यान्न सामग्रीको परिमाण सम्बन्धमा ।

## निर्णयहरु

निर्णय नं १ : प्रस्ताव नं १ मा छलफल गर्दा विश्व महामारीका रुपमा फैलिएको कोरोना भाइरस संक्रमणको जोखिम भइरहेको बेला नाकाबाट लुकीछिपी स्वेदशका विभिन्न जिल्ला तथा भारत लगायत तेस्रो मुलुकबाट समेत  यस दार्मा गाउँपालिकाका नागरिकहरुको आगमन भइरहेकोले कोरोना संक्रमण पहिचान, रोकथाम र व्यवस्थापनका लागि समुदायका रहेका खाली घरहरु सामुदायिक क्वारेन्टाइन बनाई उक्त क्वारेन्टाइनमा कम्तिमा १४ दिन बस्ने व्यवस्था मिलाउने । सामुदायिक क्वारेन्टाइमा बस्ने व्यक्तिहरुका लागि खाद्यन्नको व्यवस्था गर्ने । क्वारेन्टाइमा बस्ने व्यक्तिले तोकिएको निर्देशन तथा आचारसंहिता उलङ्घन गरेको पाइएमा प्रचलित कानुन बमोजिम कार्वाही गर्ने ।प्रदेश नं १, २, ३ र ४ बाट आएका नागरिकहरुलाई विशेष निगरानीमा राख्ने निर्णय गरियो ।

निर्णय नं २ : प्रस्ताव नं २ मा छलफल गर्दा कोरोना संक्रमणणबाट बच्च गरिएको लक डाउनमा दार्मा गाउँपालिका वासी अति विपन्न तथा विपन्न घरपरिवारक लागि दैनिक उपभोग्य सामग्रीको सहज र सुपथ मूल्यमा सामान आपूर्ति तथा राहत प्रदान गर्न यस गाउँपालिकामा स्थापना भई क्रियाशिल चार वटा सहकारीलाई गाउँपालिकाले ढुवानी अनुदान दिई सुपथ मूल्यमा सामान आपूर्ति गर्दै आएको र वितरणको प्रक्रिया प्रभावकारी रहेको बैठकमा जानकारी गरियो ।सुपथ मूल्य सञ्चालनको अनुमति पाएका सहकारी संस्थाहरुको विक्रि मूल्य एउटै बनाउने । त्यसका लागि सहकारी मार्फत गरिने खरिद, ढुवानी र वितरणमा एकरुपता कायम गर्न आर्थिक विकास समितिले मापदण्ड बनाई  सोही बमोजिम सहकारी संस्थाहरुले खरिद गर्ने । सुपथ मूल्यमा सामान विक्रि वितरण गरेको विवरण नियमित रुपमा वडा कार्यालय मार्फत गाउँपालिकामा विवरण पेस गर्ने निर्णय गरियो ।वडा अध्यक्ष, वडा सचिव, पशु शाखा, कृषि शाखा र महिला स्वयंसेविका रहेको खाद्यन्न वितरण अनुगमन समिति गठन गर्ने निर्णय गरियो ।

निर्णय नं ३ : प्रस्ताव नं  ३ मा छलफल गर्दा दैनिक ज्याला मजदुरी गरि जीवन निर्वाह गर्ने अति विपन्न घरपरिवारहरुलाई निशुल्क रुपमा दाल, चामल र तेल उपलब्ध गराउने । त्यसका लागि खोजी निगरानी समूह RMT को रोवहरमा सम्वन्धित टोलका सवै घरमुलीले निशुल्क रुपमा राहत

स्वरुप खाद्यान्न सामग्री पाउन योग्य परिवार हो भनि सम्बन्धित वडा कार्यालयमा र वडा कार्यालयले गाउँपालिका कार्यालयमा सिफारिस गरेका अति विपन्न घरपरिवारहरुलाई निशुल्क खाद्यान्न सामग्री उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं ४ : प्रस्ताव नं ४ मा छलफल गर्दा क्वारेन्टाइमा बस्ने व्यक्तिहरुका लागि आवश्यक पर्ने तपशिल बमोजिमको मात्रामा १४ दिनको लागि दैनिक उपभोग्य सामग्री अन्तर्गत चामल, दाल र नुन उपलब्ध गराउने निर्णय गरियो ।

<u>तपसिल</u>

चामल प्रति व्यक्ति : १० केजी ।

तेल : आधा लिटर ।

दाल : १.५ केजी ।

यसरी आजको बैठक शान्त एवम् सौहार्दपूर्ण वातावरणमा सम्पन्न भएको घोषणा भयो ।